आठराई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्वास्थ्य शाखा

सोल्मा, तेह्रथुम

प.सं. : ०७५/७६

च.नं. :

(१ नं. प्रदेश,नेपाल)

मिति :२०७६/०२/१४

## शिलबन्दी आसयपत्र पेश गर्ने बारेको सुचना

### सुचना प्रकाशित मिति :२०७६/०२/१४

चालु आ.व.२०७४/२०७५ को एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका छनोट भएका ३ स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्य गर्नुपर्ने भएकोले दर्तावाला गैरसरकारी संस्थाहरुबाट सामाजिक परिक्षण कार्य गर्नुपर्ने कार्यक्रमको कार्यान्वन कार्यविधि निर्देशिकाले ब्यवस्था गरेकोले संस्था दर्ता नबिकरण भएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र,आ.व. २०७४/०७५ को आयकर चुक्ता प्रमाणपत्र तथा कार्य अनुभबका प्रमाण पत्रहरु समेत संगलग्न राखी तल उल्लेखित बिबरण सहित यो सुचना प्रकासन भएको मितिले ७ दिन भित्र आशयपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

संस्थाको योग्यता:

१ जिल्लामा दर्ता भइ कम्तिमा ३ बर्ष काम गरेको।

२ सामाजिक परिक्षण वा सामाजिक परिचालक कार्यमा कम्तिमा ५ बर्षको अनुभब भएको।

३ सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रियामा स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा कार्य अनुभब भएको।

४ स्वास्थ्यको नियमित रुपमा लेखा परिक्षण र संस्थाको नाबिकरण भएको ।

५ आफ्नो संस्थाको कार्यक्रम र योजनाको सामाजिक परिक्षण गरेको वा सर्बजनिक सुनुवाई गरेको अनुभंव भएको।

सामाजिक परिक्षण गर्ने प्रशिक्षकको योग्यता

१ न्यूनतम प्रमाण पत्र उतिर्ण वा सो सरहको योग्यता भएको ।

२ सामाजिक परिक्षण तालिम तथा गोष्ठी सहजीकरण कार्यमा कम्तिमा ५ .बर्षको अनुभब भएको ।

३ सुचना संकलन, विश्लेषण तथा प्रतिबेदन लेख्न सक्ने सिप भएको ।

४ सम्बन्धित जिल्लाको स्वास्थ्य सेवा प्रबाह र सरकारले उपलब्ध गराएको सेवा सुबिधाको बिषयमा ज्ञान भएको ।

५ सामाजिक परिक्षणको प्रक्रियामा उठेको बिषय र सन्दर्भलाई परिपक्क र सम्मानित रुपमा सहजीकरण गर्न सक्ने सिप क्षमता भएको ।

६ सामाजिक परिक्षण गरे बापत रु. ७५,०००।- (पचहत्तर हजार , मु. अ. क. समेत) उपलब्ध गरिनेछ ।

७ सामाजिक परिक्षण गर्न चाहने इक्छुक संस्थाले सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र आसयपत्र पेश गरिसक्नु पर्नेछ । उक्त दिन सार्बजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समयमा पेश गर्नुपर्नेछ ।

८ आसयपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार आठराई गाउपालिका कार्यालयको सामाजिक परिक्षण कार्यक्रम संचालक समितिमा रहनेछ ।

९ शर्त राखेर पेश गरेको आशयपत्र मान्य हुने छैन ।

१० थप जानकारीको लागि कार्यालय समयमा उपस्थित भइ जानकारी लिन सकिने छ ।

२०७६/०२/१५

राजेन्द्र प्रसाद घिमिरे

प्रमुख प्रसासकिय अधिकृत

Scanned by CamScanner